# वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समिति सम्वन्धी कार्यविधि, २०८०

प्रमाणिकरण मिति २०८०/०९/०२

प्रस्तावनाः

धादिङ जिल्ला गंगाजमुना गाँउपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुको सञ्चालन रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गरी सेवा क्षेत्रका सम्पुर्ण बाल बालिकाहरुलाई सहज शैक्षिक पहुँच पुर्याउन, विद्यालयमा शान्तीपुर्ण र बालमैत्री वातावरण निर्माण गार्न र सम्पुर्ण अभिभावक एंव शिक्षाका सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्वको भावना जागृत गराई विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिकएंव व्यवस्थापकिय पक्षको सुदृढीकरण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने उदेश्यले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गंगाजमुना गाँउपालिका गाउँकार्यपालिकाले यो कार्यविधी स्विकृत गारेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिसंको नाम वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समिति सम्वन्धी कार्यविधि २०८० रहेको छ ।

(२) यो कार्यविधि गंगाजमुना गाउँपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुने छ ।

**२. परिभाषा**

(१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा शिक्षा ऐन भन्नाले गंगाजमुना गाउँपालिका शिक्षा ऐन २०२८ लाई सम्झनु पर्दछ ।

(२) वडा शिक्षा समिति भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(३) विद्यालय व्यवस्थापन समिति भन्नाले गंगाजमुना गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिकएंव व्यवस्थापकीय पक्षको सुदृढिकरण गर्न गठन भएको दफा बमोजिमको विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनुपर्दछ ।

(४) विद्यालय व्यवस्थापन समिति सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विधार्थीको बाबु, आमा, बुबातर्फको बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ । एक घरको जतिजना विधार्थी अध्ययनरत भएपनि एक जना मात्र अभिभावक मानिनेछ ।

(५) 'शैक्षिक सत्र ' भन्नाले विधालयमा पठन- पाठन गर्ने हरेक वर्षको वैशाख १ देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

(६) सहयोग समिति' भन्नाले विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि सहयोग पुर्याउने वा सहजीकरण गर्ने समितिलाई सम्झनु पर्दछ ।

३. **वडा शिक्षा समिति साम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष- अध्यक्ष

(ख) वडा समितिले मनोनित गरेको सम्बन्धित वडाको सदस्य महिला १ जना– सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना -सदस्य (प्रधानाध्यापक मध्ये वरिष्ठ शिक्षक सदस्य सचिव हुनेछ)

(घ) सम्बन्धित वडाका शिक्षा प्रेमिहरुमध्ये बाट वडा समितिले मनोनित गरेका १ जना महिला सहित २ जना – सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिलेत तोकेको एक जना-सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव एक जना - सदस्य

(छ) वडा शिक्षा समितिको अध्यक्षले मनोनित गरेको शिक्षक एक जना - सदस्य

(२) वडा शिक्षा समितिको काम कर्तव्यर अधिकार देहाय वमोजिम हुनेछ

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) वडा क्षेत्र भित्र सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्था गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र उत्प्रेरित गर्ने ।

(घ) विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक विच समन्वय गर्ने गराउने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाम्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्न वडा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक गुणस्तर अभिबृदिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न वडा समितिमा सिफारिस गर्ने ।

(ञ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ।

(ट) वडा भित्रका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनमा समन्वय र सहजिकरण गर्ने ।

(ठ) विद्यालयलाई बालमैत्री बनाई बालमैत्री वडा निर्माणमा सहयोग पुर्याउने ।

(ड) वडामा पुस्तकालय स्थापना र सञ्चालन, गरी अनौपचारिक तथा निरन्तर सिकाईका अवसर प्रदान गर्न वडा समितिलाई सिफारिस गर्ने ।

(ढ) सामुदायिक सिकाई केन्द्र सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने ।

(ण) संस्थागत विद्यालयले नियमानुसार वितरण गर्ने छात्रवृत्तिको अनुगमन तथा नियमन गर्ने ।

(त) वडा भित्रका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुलाई पुरस्कृत गर्न वडा समितिमा सिफारिस गर्ने ।

(थ) एक वडा एक नमुना विद्यालयको अवधारणा अनुसार नमुना विद्यालय विकाश सम्बन्धी कार्य गर्ने ।

(द) वडा भित्रका शिक्षकहरुलाई प्रोत्साहन र नसिहतको लागि गाउँ शिक्षा समितिलाइ सिफारिस गर्ने।

(ध) गाउँ शिक्षा समिति तथा वडा समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) वडा शिक्षा समिति आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैंले निर्धारण गर्नेछ ।

(४) कम्तिमा ३ महिनामा एक चोटी अनिवार्यरुपमा वडा शिक्षा समितिको बैठक बस्नु पर्नेछ। आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।

(५) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**४. वि.व्य.स. गठन को लागि अभिभावकको नामावाली प्रकाशन सम्वन्धी व्यवस्थाः**

(१) नयाँ सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्य छनौट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र शुरु भएको तीस दिनभित्र कम्तिमा सात दिनको सुचना दिई अभिभावकहरुको भेला गराउनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम नभई निर्धारित पदावधि समाप्त भएको कारण शिक्षा ऐनको दफा १२ उपदफा १ को खण्ड (क) बमोजिमका सदस्य छनौट गर्ने प्रयोजनको लागि पदावधि समाप्त हुनु भन्दा ३० दिन अगावै र अन्य विभिन्न कारणले उक्तसदस्यहरुको पद रिक्त भई पदपूर्ति गर्नको लागि पद रिक्त भएको १५ दिन भित्र ७ दिनको सुचना दिइ अभिभावकहरुको भेला गराउनु पर्नेछ । साथै अध्यक्ष र अन्य सदस्यको पद रिक्त भई पदपूर्ति गर्नुपर्ने भएमा उक्त अध्यक्ष र सदस्य छान्ने वा मनोनयन गर्ने पदाधिकारी वा निकायले नै छान्ने वा मनोनयन गर्नेछन् ।

(३) विद्यालय व्यवस्थापन समिति सदस्य छनौट गर्ने प्रयोजनका लागि अभिभावकहरुको भेला गराउन कम्तिमा ७ दिन अगावै सहयोग समितिले विद्यालय विधार्थी भर्ना अभिलेख IEMIS मा उल्लेख भए बमोजिमका अभिभआवकहरुको नामावली विद्यालयमा सबै देख्ने गरि प्रकाशन गर्नुपर्नेछ । यसको ढाँचा अनुसूचि १ मा दिइएको छ ।

(४) अभिभावकको सूची प्रकाशन गरिसकेपछि भर्ना भएका विधार्थीको अभिभावकको नाम यस प्रयोजनकोलागि मान्य हुने छैन ।

(५) अभिभावकको नामवली प्रकाशन गर्दा प्रारम्भिक बाल शिक्षा केन्द्र देखि विधालयमा सञ्चालित सम्पूर्ण कक्षामा तत्काल अध्ययनरत विधार्थीका अभिभावकहरुको नाम समाबेश गरिनेछ ।

**५. वि.व्य.स. गठन को लागि अभिभावक भेलाको आयोजना गर्ने सम्वन्धी व्यवस्थाः**

(१) वि. व्य. स. सदस्यहरु छनौट गर्ने सम्वन्धमा अभिभावकहरुलाई सहयोग गर्नको लागि शिक्षा अधिकृतको संयोजकत्वमा सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य र सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहेको ३ सदस्यीय छनौट सहयोग समिति गठन हुनेछ ।

(२) अभिभावक भेलाको अध्यक्षता वडाअध्यक्षले गर्नेछन् ।वडाअध्यक्षको अनुपस्थितिमा वडा सदस्यहरु मध्ये उमेरको हिसावले सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

(३) अभिभावक भेलामा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो मन्तव्य सहित विद्यालय व्यवस्थापन समिति गठन/छनौट गर्ने प्रयोजनको लागि सहयोग समितिलाई जिम्मेवारी प्रदान गर्नेछन ।

६. **वि.व्य. स. सदस्यहरुको योग्यता सम्वन्धी व्यवस्था:** सम्वन्धित विद्यालयका प्रधानाध्यापक सदस्य सचिव र सोहि विद्यालयका एक जना शिक्षक विद्यालय व्यवस्थापन समितिको लागि शिक्षक प्रतिनिधिको रुपमा सदस्यमा रहने बाहेक निम्न अभिभावकहरु सदस्य पदको लागि अयोग्य ठहरिनेछन् ।

(क) नेपाल सरकारबाट तलब भत्ता लिने वहालवाला कर्मचारी तथा शिक्षक

(ख) उमेर २५ वर्ष नपुगेको

(ग) प्रचलित कानुन बमोजिम कालोसूचिमा परेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको

(ङ) निजि विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा लगानिकर्ताहरु

(च) अध्यक्ष हुनको लागि आधारभुत बिद्यालयको हकमा न्युनतम कक्षा ८ उत्तिर्ण र माध्यमिक बिद्यालयको हकमा न्युनतम कक्षा १२ उत्तिर्ण नगरेको ।

७. **विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको छनौट सम्वन्धी व्यवस्था:** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकले आफुहरुमध्येबाट छानि पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको -सदस्य

(ग) विद्यालय संस्थापक, स्थानीय बुद्दिजिवी, शिक्षाप्रेमि,विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढि नगद वा जिन्सी सहयोग गरेको व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यामिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहने छन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट सर्वसम्मत छानेको दफा ६ बमोजिम योग्यता पुगेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) सर्वसम्मत हुन नसकेमा माथिल्लो शैक्षिक योग्यता भएको सदस्य स्वतः अध्यक्ष हुनेछ।

(५) उपदफा (३) र (४) बमोजिम अध्यक्ष चयन हुन नसकेमा सम्बन्धित वडाको वडा अध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ। यो दफाको हकमा शैक्षिक योग्यता लागु हुने छैन।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको गठन भएको एक महिना भित्र समितिलाइ पुर्णता दिइ अध्यक्ष छनोट समेत गरीसक्नु पर्नेछ।

**८. विद्यालय व्यवस्थापन समितिको सदस्य छनौटको सम्वन्धी व्यवस्थाः**

(१) अभिभावकहरुले बिद्यालय व्यवस्थापन समितिको सदस्य छनोट गर्दा भौगोलिक र समुदायको सन्तुलित समावेशी हुने गरी छनोट गर्नु पर्नेछ।

(२) सहयोग समितिले समावेशी अभिभावकहरु बीच सर्वसम्मत गराउन व्यापक प्रयास गर्नेछ । उक्त अभिभावक भेलाले आवश्यक देखेमा भेलाको सहमतिमा सहजिकरण समिति गठन गरी समयावधी तोकेर सर्वसहमतिका लागि प्रयास गर्न अधिकार दिन सक्नेछ ।

(३) सहजीकरण समितिले सर्वसहमति गराएर अभिभावकमध्येबाट दफा ७ उपदफा १ (क) बमोजिमका सदस्यहरुको लागि सहयोग समितिमा नामावली बुझाउनेछ ।

(४) नियमानुसार छनौट गर्नुपर्ने आवश्यक पदमा त्यतिकै संख्या छनोट भएमा सहयोग समितिले सर्वसम्मत वा निर्विरोध भएको घोषणा गरी अभिलेखिकरण गर्नेछ ।

(५) सहजिकरण समितिबाट तोकिएको समयावधिमा नामावली बुझाउन नसकेमा वा आवश्यक पद भन्दा बढि संख्या भएमा सहयोग समितिले कुनै निश्चित समय तोकी उपस्थित अभिभावक बिचमा निर्णायक भुमिका निर्वाह गर्नेछ ।

**९. बाधा अडकाउ फुकाउ अधिकारः** यस कार्यविधिमा भएका प्रावधान थपघट गर्ने अधिकार गाउँकार्यपालिकालाइ हुनेछ ।

**१०. मान्य हुनेः** विद्यालय व्यवस्थापन समितिले गठन सम्वन्धमा कार्यविधि बमोजिम बाहेकका प्रावधानहरु शिक्षा ऐन र नियमावली बमोजिम मान्य हुनेछ ।

अनुसूची -१

अभिभावकहरुको नामावली प्रकाशन गर्ने फारम

( कार्यविधिको नियम ३, उपनियम ३ संग सम्वन्धित )

श्री ...............................विद्यालय

गंगाजमुना गाँउपालिका -.......... धादिङ

विद्यालय व्यवस्थापन समिति गठन गर्न प्रयोजनको यस विद्यालयका अभिभावकहरुको नामावली

| क. स. | अभिभावकको | | | विधार्थीको | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बुबाको नामथर | आमाको नाम | ठेगना | नामथर | ठेगना | कक्षा | रो. नं. | IEMIS | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

(प्रधानाध्यापक)

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल